नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय धरान

सुनसरी

☎ ०२५-५२०९८२
०२५-५२८२८३
ईमेल: iro13@ird.gov.np
वेब: www.ird.gov.np

## प्रेस विज्ञप्ति

यस आन्तरिक राजस्व कार्यालय धरानले धरान उपमहानगरपालिका र वराहक्षेत्र नगरपालिका (वडा नं. १ देखी ७ सम्म) अन्तर्गतका यस कार्यालयमा दर्ता भएका करदाताहरुको आन्तरिक राजस्व विभागको ITS System मा देखिएको Non-Filer रहेका करदाताहरुको विवरण दाखिला गर्नको लागि आर्थिक ऐन, २०८१ को आयकर छुट सम्वन्धी पत्राचार गरिएकोमा उक्त पत्रको सम्वन्धमा करदाताहरुमा द्विविधा देखिएको र दोहोरो कर माग गरेको भनी करदाताहरु भ्रममा परेको/अस्पष्टता भएको बुझिन आएकोले कार्यालयको गम्भिर ध्यानाकर्षण भएको व्यहोरा सम्वन्धित सबै करदाताहरुलाई जानकारी गराउँदछु ।

करदाताहरुलाई उक्त पत्राचार गर्नुको प्रमुख उद्देश्य आर्थिक ऐन, २०८१ ले उपलब्ध गराएको सबै छुट सुविधाहरुबाट करदाताले २०८१ फागुन मसान्तभित्र लाभ लिन सकुन, सबै करदाताहरुको आन्तरिक राजस्व विभागको ITS System मा देखिएको Non-Filer आयकर विवरण आन्तरिक राजस्व विभागको अभिलेख प्रणालीमा अद्यावधिक हुने, राजस्व संकलन लागत घट्ने, कर प्रशासन र करदाता दुवैको समय, स्रोत, साधनको वचत हुने र कारोबार गर्न छोडेका करदाताहरुले आफ्नो कारोवार समयमा नै वन्द गरी भविष्यमा कुनै पनि थप आर्थिक दायित्व वहन गर्न नपरोस् भन्ने उद्देश्यले पत्राचार गरिएको हो । विगतमा आन्तरिक राजस्व कार्यालयमा दर्ता भएका तर विविध कारणले गर्दा विवरण दाखिला गर्न छुट भएका त्यस्ता करदाता, सामाजिक संघ संस्था, उद्योगी, व्यापारी एवं व्यवसायी सबैले आर्थिक ऐन, २०८१ ले उपलब्ध गराएका सबै किसिमका छुट सुविधाहरु ऐनले तोकेको समयावधिभित्र छुट दावी गरी आफ्नो अभिलेख अद्यावधिक गराई भविष्यमा तिर्नुपर्ने थप आर्थिक दायित्ववाट उन्मुक्ति प्राप्त गर्न सकुन् भन्ने यस कार्यालयको मनसाय रहेको छ । यसवाट कुनैपनि करदातालाई द्विविधा वा अस्पष्टता उत्पन्न भएमा एकपटक कार्यालयमा सम्पर्क राखि आफ्नो विवरण अध्यावधिक गर्नुहुन समेत जानकारीको लागि अनुरोध छ ।

मितिः २०८१/११/११

२०८१/११/११
(बुद्धि प्रसाद आचार्य)
प्रमुख कर अधिकृत